

# त्याग र समर्पणकी प्रतिमूर्तिः कमलादेवी अमात्य



● उदया शर्मा पौडेल

नेपाली महिलाले ऊर्जा र प्रेरणा प्राप्त गर्ने सक्ने व्यक्तित्व हुनुहुन्छ, कमलादेवी अमात्य। ललितपुरको नकबहिल टोलमा आजभन्दा ७९ वर्ष अघि अर्थात वि.स.१९९७ साल मंसिर २७ गते उहाँको जन्म भएको थियो। त्यतिबेला नेपालमा केही राजनीतिक पार्टी एवं व्यक्तिहरू राणा शासनको अन्त्यका लागि संघर्षरत थिए। सचेत नेपाली जनता आन्दोलित थिए। केही युवा घोषित वा अघोषित रूपमा राणाको विरोधमा लागेको अभियोगमा काल कोठरीमा कैद गरिएका थिए। यस्तो संक्रमणकालीन अवस्थामा सन्तुमाया वाना (श्रेष्ठ) को कोखबाट उहाँको जन्म भएको थियो। उहाँका पिता सिद्धिराज वाना (श्रेष्ठ) हुनुहुन्थ्यो ।

## पारिवारिक पृष्ठभूमि

अमात्य परिवार ठूलो थियो। कमलाका दुईजना दाई र दिदी, एकजना भाइ र बहिनी हुनुहुन्थ्यो। उहाँका बुवा साहुसँग ल्हासा व्यापारमा लाग्नुभएको थियो। पछि वीरगञ्ज सलाई कम्पनीमा काम गर्नुभयो। उहाँकी आमालाई घर व्यवहारलगायतको दु:ख, चिन्ताले मानसिक रोगले गाँज्यो। त्यसपछि बुबा जागिर छोडेर आमाको औषधोपचारमा लाग्नुभयो। भीमफेदीमा लगेर उपचार गरेपछि उहाँकी आमालाई धेरै आराम भएको थियो। पछि बुवा विराटनगर सलाई कारखानामा कार्यरत रहँदा परिवारका सदस्यहरूको बसाई त्यहीँ भयो। उहाँका ठूला दाजुले पनि त्यहीँ कारखानामा काम पाउनुभयो। दाजुले काम गर्दागर्दै छोड्नुभयो। दाजुले काम छोडेपछि कारखानाका साहु रिसाएर बुबालाई पनि जागिरबाट निकालिदिए। जागिर गएपछि सम्पूर्ण परिवार विराटनगरबाट भारत हुँदै पुन: वीरगञ्ज बस्न थाल्यो। विराटनगरमै दुईजना दिदीहरूको विवाह भयो। आमाको उपचार भने निरन्तर चलिरह्यो। दिदीहरूको विवाह भएपछि उहाँले सात/आठ वर्षमै घरभित्र र बाहिरको काम सह्माल्न थाल्नुभयो। बुवाले धेरै दु:ख गरेर भएपनि परिवारको भरणपोषण राम्रोसँग गर्नु भएको थियो।

## शैक्षिक यात्रा

केही समयपछि कमला काठमाडौं आउनुभयो। वि.स.२००८ सालमा काठमाडौं आउनुभएको कमलालाई बुबाले घरमै अक्षर सिकाउनु भयो। सानो उमेरदेखि कमलाले ढिकी, जाँतो, पानी ल्याउनेजस्ता घरायसी सबै काम गर्नुहुन्थ्यो।

यसैक्रममा आफ्नो उमेरका केटीहरू विद्यालय गएको देखेर उहाँलाई पनि पढने इच्छा भयो तर बुवा छोरीहरूलाई पढाउने मानसिकतामा हुनुहुन्थेन ।

ठूली दिदी शुभद्रा श्रेष्ठले बुवालाई सम्झाई बुझाई गरेर कमलालाई विद्यालय पठाउन राजी गराउनुभयो। कमलालाई दिदीले नै किताब कापी किनेर ल्याइदिनुहुन्थ्यो । उहाँले नै बु:बहालस्थित बालविनोद विद्याश्रममा दुई कक्षामा भर्ना गरिदिनुभयो । भर्ना हुँदा उहाँलाई मौखिक परीक्षामा क्याटको अर्थ सोध्दा बिल्ली र च्याटको अर्थ चुहा भनिदिनु भयो । विराटनगर र वीरगञ्जमा बस्दा उहाँमा हिन्दी भाषाको प्रभाव परेको थियो। यी दुई शब्दको अर्थ भनेपछि यसलाई त अंग्रेजी आउने रहेछ भनेर शिक्षकहरूले उहाँको प्रशंसा गर्नुभएको थियो । साथीहरूले यति ठूलो ढाडे भएर पनि दुई कक्षामा भर्ना भई भनेर खिसी गरेका थिए ।

उहाँले चण्डी विद्याश्रममा छ कक्षासम्म पढनुभयो । मङ्गल बजारस्थित आदर्श कन्या निकेतनमा कक्षा आठमा भर्ना हुनुभयो । केही महिनापछि उहाँका बुवा वीरगञ्जबाट काठमाडौं आउनुभयो । तरुनी भएकी छोरीले विद्यालय गएर पढन हुँदैन भनेर पढाई छुटाइदिनुभयो ।

## विवाह

पढाई छुटेपछि उहाँ घरमा बस्न थाल्नुभएको थियो । यस्तैमा उहाँलाई विवाहका निम्ति सुशीलचन्द्र अमात्य माग्न आउनुभयो। सुशिलचन्द १६ वर्षको हुनुहुन्थ्यो। त्यतिवेला बुवा बित्नुभएको हुँदा बरखीमा हुनुहुन्थ्यो । सुशिलकी आमा भने सुशील पाँच वर्षको हुँदा नै बितिसक्नुभएको थियो । कमलाका बुवाले आमाबुवा नभएको परिवारमा छोरीको बिहे गरिदिन मान्नुभएन । यसै क्रममा सुशीलले तिम्रो विचार के छ भनी कमलालाई लेखेको पत्र बुवाको हातमा पर्‍यो र उहाँले बुबाको कुटाइ नराम्रोसँग खानु परेको थियो। कमलाका ठूलो दाजु कृष्णराज वानाले विराटनगरबाट आएर वि.स.२०१५ साल जेष्ठ ८ गते नेवारी परम्परा अनुसार बहिनीको विवाह सुशीलसँग गरिदिनुभयो ।

सुशील वामपन्थी राजनीतिक विचारधाराको हुनुहुन्थ्यो। पारिवारिक वातावरण सहज र सरल थियो । कमला स्वयम् साहसी, उत्साहित र अध्ययनमा रुची राख्ने

भएकाले विवाहपश्चात् पनि अध्ययन गर्ने अवसर पाउनुभयो । विवाहपछि उहाँ पुन: आदर्श कन्या निकेतनमा आठ कक्षामा भर्ना भएर पढाइलाई निरन्तरता दिनुभयो । यसैबीच उहाँ गर्भवती हुनुभयो । गर्भवती भएको चार महिनापछि जीविकोपार्जनका निम्ति सुशील वीरगञ्ज जानुभयो । गर्भिणी पत्निलाई छाडेर सुशीलले ग्राम विकासमा काम थाल्नुभयो । पहिलो गर्भावस्था, पढाई र घरव्यवहार सबै जिम्मेवारी एक्लै पूरा गर्दा पनि कमला विचलित हुनुभएन । छोरा जन्मिएको छ महिनापछि वीरगञ्जको त्रिजुद्ध हाइस्कुलबाट टेस्ट पास गरी एस.एल.सि. परीक्षा  दिनुभयो । परीक्षामा असफल भए पनि फाराम भर्दै परीक्षा दिने काम निरन्तर चलिरह्यो । वीरगञ्ज आउँदा सुरुका दिनमा साह्रै दु:ख पाउनुभयो । उहाँको दायाँ स्तनको ठूलो अप्रेशन गर्नु परेको थियो । त्यतिबेला आफ्नो जग्गा, गहना र लत्ता कपडा समेत बेचेर उपचार गर्नुपरेको थियो । आर्थिक अभाव र रोग एक साथ हुँदा पनि उहाँले हिम्मत हार्नुभएन । कमलाले वि.स.२०१८ सालमा नेपाल मलेरिया उन्मूलन कार्यालयमा पाँच वर्ष जागिर खानुभयो । उहाँका श्रीमान सुशीलचन्द्र अमात्य राष्ट्र बैंकमा जागिरे हुनुभयो । भित्रभित्रै कम्युनिष्ट पार्टीमा सक्रिय भएको थाहा पाएर तत्कालीन सरकारले काठमाडौं सरुवा गरिदियो । कम्युनिष्ट पार्टीभित्र बढ्दो क्रियाशिलता र व्यवस्थापनप्रतिको असन्तुष्टीका कारण राष्ट्र बैंक छोडी वि.स.२०२४ सालमा लुभुको महालक्ष्मी हाइ स्कुलमा पढाउन थाल्नुभयो । काठमाडौं फर्केपछि कमलाको जागिर पनि छुट्यो र सोही वर्ष  एस.एल.सि.उत्तीर्ण हुनुभयो । त्यतिबेला उहाँ तीन सन्तानकी आमा भइसक्नुभएको थियो । सुशीललाई पार्टीले सिन्धुपाल्चोकमा जिम्मेवारी दिएकाले वि.स.२०२५ सालमा चौताराको श्रीकृष्ण माध्यमिक विद्यालयमा प्रधान अध्यापक भई पढाउनुभयो । श्रीमान्ले उता पढाउन थालेपछि कमलाले ठूलीसासू, आमा र तीन छोराछोरीहरूलाई साथमा लिएर  चौतारा लाग्नुभयो ।

कमला वि.स.२०२५ सालमा श्रीकृष्ण मा.वि. मा प्राथमिक शिक्षक हुनुभयो । उहाँले शिक्षण सँगसँगै प्राइभेटरूपमा पढेर त्रिभुवन विश्वविद्यालयबाट आइ.ए. उत्तीर्ण गर्नुभयो । वि.स.२०२८ मा नयाँ शिक्षा योजना लागू भएपछि प्रधानाध्यापक र अन्य शिक्षकहरूले पनि अनिवार्य तालिम लिनुपर्ने हुँदा वि.स.२०३० सालमा सपरिवार काठमाडौं आउनुभयो । काठमाडौं फर्केपछि कीर्तिपुर शिक्षाशास्त्र अध्ययन संकायबाट दुई वर्षे बि.एड. गर्नुभयो ।

कलेजका साथी रत्नकुमार बान्तवालाई उहाँले बिशेष सम्भन्नु हुन्छ । बान्तवा पञ्चायतविरोधी आन्दोलनका क्रममा शहीद हुनुभएको थियो । सुशीलचन्द्र वाम विचारधाराबाट अत्यन्त प्रभावित हुनुहुन्थ्यो । कलेजमा पढ्दा खारिएका साथीहरूको सङ्गत र बिशेष गरी २०३०/३१ सालतिर तत्कालिन कोर्डिनेटर केन्द्र का नेता अमृत बोहरासँग निरन्तर सम्पर्कका कारण उहाँको कम्युनिष्ट विचारधारामा निष्ठा र सक्रियता बढ्दै गयो । उहाँको परिवार नै पञ्चायतविरोधी आन्दोलनतर्फ समर्पित हुनपुग्यो । कमला वि.स. २०२५ देखि २०५७ सम्म प्राथमिक, निम्न माध्यमिक एवं माध्यमिक शिक्षक भएर अटुट रूपमा ३३ वर्षसम्म शिक्षा सेवामा संलग्न हुनुभयो । नेपाल राष्ट्रिय शिक्षक सङ्गठन तथा शिक्षक आन्दोलनप्रति समर्पित हुनुभयो ।

## राजनीतिमा प्रवेश

कोर्डिनेटर केन्द्रले नेकपा मालेको स्वरूप ग्रहण गरिसकेको थियो । पार्टीले लिएको नयाँ कार्यदिशाले आन्दोलन नयाँ उचाईमा पुगिरहेको थियो । वि.स.२०३६ जेठ ४ गते हेटौंडा भुटनदेवी माध्यमिक विद्यालयका प्रध्यानध्यापक बद्रीप्रसाद खतिवडाको नेतृत्वमा सुरु भएको आन्दोलनले देशव्यापी प्रभाव पाऱ्यो । आन्दोलनमा उहाँको श्रीमान नेतृत्वदायी भूमिकामा हुनुहुन्थ्यो भने कमला अग्रिम मोर्चामा । सबै छोराछोरी विद्यार्थी आन्दोलन, जनवादी गीत सङ्गीत लगायत विविध क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका थिए । सिङ्गो परिवार एउटा कठिन राजनीतिक आन्दोलनमा होमिएको अनुभव छन् उहाँसँग । शिक्षक आन्दोलनको क्रममा उहाँ दर्जनौं पटक गिरफ्तार हुनुभयो । शिक्षकको हक, हित र अधिकारका निम्ति अहोरात्र खटिने क्रान्तिकारी महिला हुनुहुन्छ उहाँ । वि.स.२०३६ चैत २२ गते अष्टलक्ष्मी शाक्य, पूर्ण चित्रकार, मिरा ध्वँजू, शारदा, पूर्णतारालगायत उहाँलाई केन्द्रीय बन्दीगृह (कारागार) मा राखिएको थियो । उहाँहरूले कारागारभित्र पनि अमानवीय व्यवहारको विरुद्धमा आन्दोलन चलाउनुभएको थियो । त्यही चैत २९ गते शिक्षक सङ्गठन र सरकारबीच सम्झौता भयो । सरकारले शिक्षकहरूलाई दमन गर्ने रवैया लिएकोले वि.स.२०३८ मा पुन: शिक्षकहरू आन्दोलित भए । कमला अमात्य लगायत दर्जनौं महिलाहरूलाई डिल्लीबजार खोरमा राखेर यातना दिइयो ।

## योगदान र उपलब्धि

वि.सं.२०३६ देखि २०५० सम्म सक्रिय रूपमा शिक्षक आन्दोलन र शिक्षक सङ्गठनको निर्माण र विस्तारमा महिला विभागको नेतृत्वमा रहेर अन्तर जिल्ला कार्यक्रम, तालिम सञ्चालन र महिलालाई उत्प्रेरणा जगाउने कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्नुभयो । उहाँ वि.स.२०५४ सालमा नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको केन्द्रीय उपाध्यक्ष चुनिनुभयो । क्यानडा, अस्ट्रेलिया, नर्वेलगायतका मुलुकका शिक्षक युनियनसँग पनि नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको राम्रो सम्बन्ध बन्दै गयो । ती देशका युनियनहरूको सहयोगबाट ४२/४३ जिल्लाहरूमा महिला शिक्षकहरूको लागि र महिला-पुरुष शिक्षकहरूका लागि नेतृत्व तथा जनचेतना र कानूनी अधिकारसम्बन्धी धेरै किसिमका तालिम सञ्चालन गर्न शिक्षक सङ्गठन सफल भयो । सक्षम नेतृत्वबाट नै सकारात्मक काम हुन सक्छन् भन्ने उदाहरण कमला अमात्यबाट लिन सकिन्छ । अन्तर ाष्ट्रिय शिक्षक सङ्गठनसँग सन् १९८४ मा सम्बन्ध कायम भयो । पञ्चायती व्यवस्थाको चरम उत्कर्षको समयमा जनचेतनाका काम गर्न सहज थिएन । वि.सं. २०४६ को आन्दोलनपछि भने वातावरण सहज भयो । सन् १९८८ मा अन्तर्राष्ट्रिय शिक्षक संगठन (WCOTP) को बाह्रौं वर्ल्ड कंग्रेस अष्ट्रेलिया को मेलबर्नमा भएको कार्यक्रममा एक हप्ताको लागि नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले उहाँलाई पठाएको थियो, यसलाई त्यतिबेला निकै महत्वका साथ हेरिएको थियो र ऐतिहासिक मानिएको थियो । त्यहाँ उहाँले नेपालमा भइरहेको विभेद, पञ्चायती व्यवस्थाको ज्यादति, नेपाली शिक्षकहरूको अवस्थाका बारेमा गहन मन्तव्य राख्नुभएको थियो । आफूले मन्तव्य दिँदा त्यहाँ उपस्थित प्रतिनिधि तथा पर्यवेक्षक छक्क परेको कुरा उहाँ गर्वका साथ बताउनुहुन्छ । उनीहरूले शोषित, पीडित नेपाली जनताको साथ दिने अठोट समेत गरेका थिए । त्यो त्यही समय थियो जति बेला उहाँका श्रीमान डिल्ली बजार खोरमा बन्दी जीवन बिताइरहनु भएको थियो । सम्मेलनमा एशिया सल्लाहकार कमिटी गठन गरिएको थियो र त्यस कमिटीमा सदस्य बनाउन कमलाको नाम विदेशी प्रतिनिधिहरूले सिफारिस गरेका थिए । निर्वाचनमा उहाँ पाचौं स्थानमा विजयी हुनुभएको थियो । यसरी विदेशमा समेत नेपाली शिक्षकहरूको अवस्था एवं हकहितको लागि आफ्नो आवाज बुलन्द गर्ने काम उहाँबाट भएको थियो ।

अत्यन्तै प्रतिकूल परिस्थितिमा अन्तर्राष्ट्रिय शिक्षक संगठनको उक्त अधिवेशनमा निर्वाह गरेको भूमिकाले अन्तर्राष्ट्रिय जगतबाट व्यापक समर्थन प्राप्त गर्न, पञ्चायती दमनलाई चिर्न र अन्तर्राष्ट्रिय सम्बन्धलाई व्यापक बनाउन महत्वपूर्ण सहयोग भएको थियो । जुझारु, लगनशील र निस्वार्थी शिक्षक नेता पाएकै कारण नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले आफ्नो उचाइ कायम गरेको थियो । शिक्षकहरूले निजामती कर्मचारी सरह पेन्सन, उपदान, औषधोपचार खर्च, तहगत बढुवा, पायक पर्ने ठाउँमा सरुवा, तालिम, विदेश भ्रमण जस्ता सुविधा उपभोग गर्न पाइरहेका छन् । कमलाले भारत, मलेसिया, थाइल्याण्ड, श्रीलंका, ताइवान, ब्राजिल, सिंगापुरलगायतका देशमा भएका सम्मेलनहरूमा सक्रिय सहभागिता जनाउनुभयो ।

कमरेड कमला अमात्य अखिल नेपाल महिला सङ्घको पहिलो कोषाध्यक्ष हुनुहुन्छ । काठमाडौंबाट कमरेड अष्टलक्ष्मी शाक्य र कमरेड पूर्णशोभा बारम्बार पाटन आएर अगुवा महिलाहरूलाई भूमिगत रूपमा भेला गर्नुहुन्थ्यो । त्यस्तो भेलामा क. कमला पनि सहभागी हुनुहुँदोरहेछ । अखिल नेपाल महिला संघले गर्ने भूमिगत भेलामा सहभागी हुँदा उहाँलाई कत्ति पनि डर लाग्दैनथ्यो । अ.ने.म. संघको प्रथम सम्मेलन कीर्तिपुरको एउटा घरमा भूमिगत रूपमा वि.स.२०४६ साल जेठ ३० र ३१ गते हुने कुराको सुइँको तत्कालीन पञ्चायती तानाशाहीहरूले पाएकोले अर्कै ठाउँमा गोप्य रूपमा सम्मेलन सम्पन्न भयो । त्यो सम्मेलनको अध्यक्ष अष्टलक्ष्मी शाक्य, महासचिव पूर्णशोभा चित्रकार र कोषाध्यक्ष क. कमलादेवी अमात्य हुनुभयो । महिला संघले पञ्चायती अन्याय, अत्याचारको विरोध गर्ने, भूमिगत बैठक गर्ने, डेलिगेशन जाने जस्ता रचनात्मक कामहरू गरेको स्मरण गर्नुहुन्छ उहाँ । दुर्गम क्षेत्रहरूका महिलाहरूको सामाजिक, आर्थिक अवस्थाबारे अध्ययन गर्ने गरेको कुरा सगर्व सुनाउनुहुन्छ । आङ्मा एकसरो लुगा नभएका, खुट्टामा चप्पल नभएका, एक डल्लो ढिडोंको भरमा बच्चाहरू स्कुल जाने गरेका मनै चिरा चिरा हुने अनुभव संगालेर पार्टी केन्द्रमा रिपोर्टिङ्ग गर्ने काममा समेत उहाँ सक्रिय हुनुहुन्थ्यो । नेपाल कम्युनिष्ट पार्टीका पाँच संस्थापक मध्य एकमात्र महिला मोतीदेवी श्रेष्ठ पछिल्लो समयमा गुमनाम हुनुहुन्थ्यो र असाध्यै कष्टकर जीवन बाँचिरहनु भएको थियो । उहाँले मोतीदेवीलाई खोजेर उहाँको जीवनका अन्तिम दिन सहज बनाइदिनु भएको थियो ।

कमलालाई प्रगतिशील बाटोमा हिड्न श्रीमान सुशीलचन्द्र अमात्यको साथ रहेको थियो । विवाहपूर्व राजनीतिक चेतना पटक्कै नभएपनि विवाह भएपछि कम्युनिष्ट पार्टी तथा आन्दोलनहरूमा अविछिन्न रूपमा उहाँ जोडिनुभयो । कम्युनिष्ठ पार्टीका संस्थापक पुष्पलाललगायत मोहन बिक्रम, नरबहादुर कर्माचार्य, काइला बा, तुयु दाइ, दिलबहादुर श्रेष्ठ र एमालेका नेताहरू सिपी मैनाली, अमृत कुमार बोहोरा, झलनाथ खनाल, मदन भण्डारी लगायत माओवादी तथा वर्तमान ने.क.पा का अधिकांश शीर्ष नेता, लामो जेल जीवनबाट मुक्त भएपछि केपी ओली, आर.के. मैनाली लगायतका राजनीतिक बन्दीहरू तथा सयौं कार्यकर्ताहरूको बैठक स्थल, वासस्थान तथा सम्पर्क थलो उहाँहरूको घर भएको थियो । जसको व्यवस्थापनका लागि परिवारले अत्यन्तै जोखिमपूर्ण तथा जिम्मेवारीपूर्वक भूमिका निर्वाह गरेको थियो । सिङ्गो परिवारमा निस्वार्थ कम्युनिष्ठ राजनीतिक चेत मात्र थिएन विचारलाई व्यवहारमा उतार्ने अभ्यास पनि थियो । परिवारका प्रत्येक सदस्य उत्पादन र श्रमसँग जोडिएका थिए । परिवार भित्रै छलफल र वहस गर्ने स्वतन्त्रता र अभ्यास थियो ।

यसरी कमला र सुशीलजस्ता त्यागी र निस्वार्थी नेताहरूकै त्याग र लगनशीलताका कारण कम्युनिष्ट पार्टी आजको सुदृढ अवस्थामा आइपुगेको हो । कमलादेवी अमात्यको जीवन कम्युनिष्ट पार्टीको इतिहास हो भन्दा हुन्छ । उहाँले कम्युनिष्ट पार्टीको हरेक गतिविधिमा, जनवर्गीय सङ्गठनहरूमा, शिक्षक सङ्गठन, पेशागत महासङ्घ आदिमा निस्वार्थ भावले सक्रिय सहभागिता कायम राख्नुभयो । लोकतन्त्रको उदय तथा राजतन्त्रको अन्त्य भयो तर शोषित पीडित जनताको समस्या सुल्झिएको छैन । भ्रष्टाचारी र अनैतिक चरित्र भएकाहरूको हालिमुहाली हरेक क्षेत्रमा भएको तीतो यथार्थले कमला चिन्तित देखिनुहुन्छ । हिजोका इमान्दार, लगनशील, चरित्रवान, पार्टीप्रति समर्पित र आफ्नो धनसम्पत्ति समेत पार्टीलाई सुम्पने मेचीदेखि महाकालीसम्मका कमरेडहरूलाई पाखा लगाउन खोजिएको देख्दा उहाँ भावविह्वल बन्नुहुन्छ । ■